प्रदेश सरकार

भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी विकास निर्देशनालय सुर्खेत

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०९।०१

यस निर्देशनालयको आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भूमि व्यवस्था , कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकिकृत कार्यविधि २०७७ बमोजिम व्यवसायीक कृषकका लागि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम कृषि खेतिको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्वन्धी उपकरण तथा मेशिन औजार ( **पशुपन्छी तथा मत्स्य यान्त्रीकरण** ) प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेकोले इच्छुक सुर्खेत जिल्लामा वसोवास गरेका निजि व्यवसायी , उद्यमी , समूह ,समिति र सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम यस निर्देशनालयमा कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ।प्रस्तावकले सरकारी निकायबाट विगत दुई आर्थिक वर्षमा एकलाख भन्दा माथिको नगद तथा वस्तुगत यस्तै प्रकृतिको कार्यक्रममा अनुदान वा आर्थिक सहयोग लिई सकेको भए छनौट प्रकृयामा समावेश गराईने छैन । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.सं. | कार्यक्रमहरु | पटक / संख्या | कुल अनुदान रकम रु. | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | व्यवसायीक कृषकका लागि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम ( कृषि खेतिको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्वन्धी उपकरण तथा मेशिन औजार) | १ | २० लाख | सुर्खेत |

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. अनुसूचि ३ अनुसारको निवेदनको ढाँचा ।

२. कार्यक्रमले तोके अनुसार आवस्यक पर्ने यन्त्रउपकरणको विवरण सहित ५० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धता पत्र।

३. साविकका जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा फर्म दर्ता भएको भए सोको प्रतिलिपी ।

४. कार्यक्रम कार्यान्वयन वर्ष भन्दा अघिको वर्षको लेखा-परिक्षण प्रतिवेदन र कर चुक्ता / दाखिलाको प्रतिलिपी।

५. प्रस्तावकले आफ्नो तर्फबाट व्यहोर्नु पर्ने रकम लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए / नलिएको प्रतिवद्धता –पत्र तथा स्वलगानीको आधिकारिक प्रमाण।

६. सम्वन्धित स्थानिय तहको सिफारिस ।

७. समूह समिति सहकारी निजि फर्म व्यवसाय आदि सूचना प्रकाशन हुनु अगावै सम्वन्धित निकायमा दर्ता भएकोलाई मात्र मान्यता दिइनेछ ।

८. छुट भएका विषयहरु भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको स्विकृत कार्यविधि अनुसार हुनेछ ।कार्यविधि तथा माप दण्ड यस निर्देशनालयको वेभ साइट www.dold.karnali.gov.np मा हेर्न सकिनेछ ।

थप जानकारीको लागि यस निर्देशनालयको फोन नं.०८३-५२०२८८ ,०८३ ५२३५५६ र ०८३५२०९३७ मा सम्पर्क गर्न सकिनेछ ।

नि. निर्देशक